केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१४/०७४/७५ मिति: २०७४/०९/२५

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु**

महाशय,

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/१२/२९ को निर्णयानुसार भोजपुर जिल्लाको भोजपुर बजार तथा तेह्रथुम जिल्लाको संक्रान्ति बजारका आगलागी पिडीत तथा सप्तरी जिल्लाका बाढी पिडितहरुलाई आवास निर्माण/व्यवसाय सञ्चालनका लागि सहुलियत दरमा ऋण उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदबाट भएको निर्णय कार्यान्वयनका लागि नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०७४/०३/२७ को पत्रबाट कार्यान्वयनका लागि पत्राचार भईआएकोले यसै साथ संलग्न **"आगलागी एवम् वाढी तथा डुवानबाट पीडित घरपरिवारलाई आवासीय घर पुनर्निमाण र व्यवसाय पुनः संचालनका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७४"** कार्यान्वयनका लागि लागु गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुशन महाशाखा ।
(१२) श्री नेपाल बैंकर्स संघ ।
(१३) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन ।
(१४) श्री नेपाल वित्तीय संस्था संघ ।

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

### आगलागी एवम् वाढी तथा डुवानबाट पीडित घरपरिवारलाई आवासीय घर पुनर्निमाण र व्यवसाय पुनः संचालनका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७४

आगलागी एवम् वाढी तथा डुवानबाट पीडित घरपरिवारलाई घर पुनर्निमाण र व्यवसाय पुनः संचालनका लागि प्रवाह गरिने आवासीय कर्जामा यस बैंकले उपलव्ध गराउने पुनरकर्जा प्रयोजनका लागि यो कार्यविधि बनाई लागू गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले उपर्युक्त प्रयोजनका लागि देहायका शर्त तथा व्यवस्थाहरुको पालना हुने गरी प्रवाह गरेको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलव्ध गराइने छ :

**शर्त तथा व्यवस्थाहरु :**

(१) पुनरकर्जा सुविधा भोजपुर जिल्लाको भोजपुर बजार र तेह्रथुम जिल्लाको संक्रान्ति बजारका आगलागीबाट पूर्ण रुपमा क्षति भएका ३४ (चौतिस) घरधनीहरुलाई आवास निर्माणका लागि नेपाल सरकार, अर्थ मन्त्रालयले सरकारी कारोबार गर्ने स्थानीय वाणिज्य बैंक मार्फत् जिल्ला दैवी प्रकोप उद्धार समितिबाट प्रमाणित भएको क्षतिको विवरणको आधारमा शहरी क्षेत्रमा अधिकतम रु. २५ (पच्चिस) लाख र अन्य क्षेत्रमा अधिकतम रु. १५ (पन्ध्र) लाखसम्मको ऋण सुविधाको आवासीय घर पुनर्निर्माण प्रयोजनका लागि मात्र हुनेछ । त्यसैगरी, सप्तरी जिल्लामा भएको वाढी तथा डुवानबाट घर व्यवसाय क्षति भएका पीडित परिवारहरुलाई घर निर्माण गर्न र व्यवसाय पुनः संचालन गर्न अधिकतम रु. १५,००,०००।- (पन्ध्र लाख) सम्मको पुनरकर्जा सुविधा उपलब्ध हुनेछ । उक्त सीमा भन्दा बढी प्रवाह भएको कर्जाको रकममा पुनरकर्जा सुविधा प्रदान गरिने छैन ।

(२) आगलागी र डुवानबाट प्रभावित भएको व्यहोरा नेपाल सरकारको सम्बन्धित निकायबाट प्रमाणित हुनुपर्ने तथा सो व्यहोरा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले समेत यकिन गर्नुपर्नेछ ।

(३) बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण र व्यवसाय पुनः संचालन प्रयोजनको लागि प्रदान गर्ने ऋणमा अधिकतम २ प्रतिशत सम्म मात्र ब्याजदर लिनु पर्नेछ । सो प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने छ ।

(४) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ब्याजदर परिवर्तन गर्न पाउने छैनन् । यस्तो कर्जामा ब्याज तथा तेश्रो पक्षलाई भुक्तानी गर्नु पर्ने (बीमा, धितो मूल्यांकन, कर्जा सूचना, कर्जा सुरक्षण शुल्क) लागत बराबरको शुल्क बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन ।

(५) शुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्युनतम अवधि ५ वर्ष र अधिकतम १० वर्षसम्मको हुनेछ । कुनै ऋणीले अग्रीम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रीम भुक्तानी शुल्क लाग्ने छैन । यस्तो पुनरकर्जा सुविधा एकपटकको लागि बढीमा १ वर्षको लागि मात्र प्रदान

गरिने छ र विद्यमान कानूनी व्यवस्थाको अधीनमा रही थप एक वर्षका लागि नवीकरण गर्न सकिनेछ ।

(६) बैंक वा वित्तीय संस्थाले आवासीय घर पूनर्निर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तिमा चार चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ । तर व्यवसाय पुन: संचालनको लागि कर्जा प्रवाह गर्दा व्यवसायिक कार्य प्रगतिका आधारमा कम्तिमा दुइ चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ ।

(७) आवासीय घर पुनर्निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनु पर्नेछ ।

(८) बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्बन्धित निकाय वा स्थानीय निकाय (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका/वडा कार्यालय/गाँउपालिका) को आगलागी वा बाढी तथा डुवान पीडित भई आवासीय घर/व्यवसाय क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण वा सो सम्बन्धी ऋणीको स्व:घोषणा अनिवार्य रुपमा लिनुपर्नेछ ।

(९) यस बैंकबाट प्रवाह गरिने कुल पुनरकर्जाको सीमा प्रत्येक बैंक वा वित्तीय संस्थाका लागि सो संस्थाको प्राथमिक पुँजीको २५ प्रतिशतसम्म मात्र हुनेछ ।

(१०) यस्तो कर्जा सामान्यत: वीमा गरेको हुनुपर्नेछ । कर्जाको बीमा गरेको अवस्थामा कर्जा वर्गीकरणका आधारमा हरेक वर्गमा कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थाको २५ प्रतिशतका दरले मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।

(११) यस्तो पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जाको मासिक विवरण (अनुसूची) महिना समाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(१२) पूँजी कोष गणना प्रयोजनका लागि यसरी प्रवाह गरिएको कर्जाको जोखिम भार आवासीय घर कर्जा सरह ६० प्रतिशत हुनेछ ।

(१३) यस्तो पुनरकर्जा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको धितोमा प्रदान गरिनेछ ।

(१४) यस्तो कर्जा प्रवाह गर्दा बैंक वा वित्तीय संस्थाले सम्बन्धित संस्थाको विद्यमान घरकर्जा र व्यवसायिक कर्जा सम्बन्धी नीतिगत व्यवस्थाको अधिनमा रही ग्राहकको कर्जा तिर्न सक्ने क्षमता लगायत सुरक्षणका स्पष्ट आधार लिई कर्जा स्वीकृत तथा प्रवाह गर्नुपर्नेछ ।

(१५) आगलागी एवम् बाढी तथा डुवान पीडित परिवारले आवासीय घर पुनर्निर्माण र व्यवसाय पुन: संचालनका लागि सहुलियत दरमा कर्जा लिन चाहेमा बैंक वा वित्तीय संस्थाले सरल र सहज प्रक्रिया अपनाई यस कार्यविधि बमोजिम हुने गरी कर्जा प्रवाह गर्नुपर्नेछ ।

माथि उल्लिखित शर्त तथा व्यवस्थाका अधिनमा रही प्रवाह भएको कर्जामा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, केन्द्रीय कार्यालय बालुवाटारमा सम्पर्क गरी बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जा सुविधा लिन सक्नेछन् ।

# अनुसूची

मिति : २०७.. /.. /..

श्रीमान् कार्यकारी निर्देशकज्यू,

नेपाल राष्ट्र बैंक,

....................सुपरिवेक्षण विभाग,

काठमाण्डौं ।

विषय: पुनरकर्जाको मासिक विवरण ।

महोदय,

त्यस बैंकको प.सं. .............. ................ मिति .............. ................मा जारी आगलागी एवम् वाढी तथा डुवानबाट पीडित घरपरिवारलाई आवासीय घर पुनर्निमाण र व्यवसाय पुन: संचालनका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७४ अनुसार यस संस्थाले उपभोग गरेको पुनरकर्जा तथा सो पुनरकर्जा सुविधा बमोजिम प्रवाह भएको कर्जाको मासिक विवरण देहाय बमोजिम रहेको छ ।

कर्जाको विवरण (मिति : २०७ /....)

| क्र.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | अन्तिम भुक्तानी मिति | कर्जाको बक्यौता | पुनरकर्जा विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | लिएको मिति | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

* महिना समाप्त भएको १५ दिनभित्र पेश गर्ने ।

.................. बैंक/वित्तीय संस्थाको तर्फबाट

दस्तखत :

नाम :

पद :

छाप :

विभाग/कार्यालय